# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७४/०७५
चलानी नं :- ४४५६

मिति: २०७५।०२।३१

**विषय: आ.व. २०७५/७६ को योजना तथा कार्यक्रमको थप मार्गदर्शन सम्वन्धमा ।**

श्री वडा कार्यालयहरु सवै ।

उपरोक्त सम्बन्धमा आ.व. २०७५।७६ को लागि वडा स्तरमा योजना तथा कार्यक्रम छनोट सम्बन्धमा यस अघि च.नं ४२६५, मिति २०७५।०२।१८ मा पत्राचार गरिएको सवै वडा कार्यालयहरुलाई विदितै छ । उक्त पत्रमा उल्लेख भएका विषयमा सोहि वमोजिम तथा उल्लेख नभएका विषयमा देहाय वमोजिम गर्नुहुन आदेशानुसार अनुरोध गरिन्छ ।

**देहाय**

(१) आ. व. ०७५/७६ को वजेट तथा कार्यक्रम वनाउदा रु १ करोड २० लाख सम्मको वडा समितिले प्राथमिकताक्रम तोके वमोजिमका योजना तथा कार्यक्रम लाई अनुमानित लागत समेत उल्लेख गरी तोकिएको ढाँचामा पठाउने ।

(२) भौतिक पुर्वाधार तर्फका योजनाहरु छनोट गर्दा कम्तिमा एउटा (१) योजना पच्चिस लाख (२५,००,०००) सम्मको तथा कम्तिमा पाँच (५) वटा योजना दश लाख (१०,००,०००) सम्मको छनोट गर्ने ।

(३) वुदा नं २ वमोजिम पुर्वाधार तर्फको योजना छनोट गर्दा नगर उद्यान (पार्क) निर्माणको लागि उपयुक्त स्थानको किटानी गरी कम्तिमा एउटा योजना पार्क निर्माण गर्नेगरी छनोट गर्ने । सो मा नपुग श्रोत व्यवस्थापनमा नगरपालिकाले प्राथमिकता दिनेछ ।

(४) लक्षित वर्गका कार्यक्रमहरु (रकम खुलाउन अनिवार्य छैन) स्पष्ट रुपमा लक्षित वर्ग समेत उल्लेख गरि सिफारिस गर्ने ।

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७४/०७५
चलानी नं :-


(५) चालु आर्थिक वर्षमा सुरु भई सम्पन्न हुन नसकेका अधुरा योजना हरुलाई सम्पन्न हुनेगरी वजेट विनियोजनामा प्राथमिकता दिने ।

(६) देहायका कोषहरु स्थापना गर्ने प्रस्ताव गर्न लागिएकोले सो सँग सम्वन्धित विषयमा हाललाई वजेट विनियोजन नगर्ने ।

(क) समपुरक कोष
(ख) आकस्मीक कोष
(ग) विपद व्यवस्थापन कोष
(घ) मर्मत सम्भार कोष
(ङ) जनशक्ति विकास कोष
(च) नागरिक स्वास्थ्य उपचार विशेष कोष
(छ) संस्कृती संरक्षण तथा प्रर्वद्धन कोष
(ज) खेलकुद विकास कोष
(झ) कर्मचारी कल्याण कोष
(ञ) महिला, वालवालिका तथा सामाजिक सुरक्षा विशेष कोष

(७) एक भन्दा वढि वडाहरुमा सरोकार राख्ने योजनाहरुलाई सम्वन्धित वडा समितिहरुले एक आपसमा समन्वय गरी वजेट विनियोजन गर्ने ।

(८) वजेट तथा कार्यक्रम तयार गर्दा यस अघि मिति २०७५।०२।१८ को पत्रानुसारको विषयगत क्षेत्र तथा उपक्षेत्रलाई ख्याल राख्ने । सकेसम्म विषय क्षेत्रगत सन्तुलन कायम राख्ने । यस अघिका प्रभावकारी कार्यक्रमहरुलाई निरन्तरता दिने । प्रभावकारी हुन नसकेका कार्यक्रलाई समावेश नगर्ने । नयाँ तथा प्रभावकारी हुनसक्ने कार्यक्रम छनोटलाई प्राथमिकता दिने ।

(९) आ.व. ०७५।७६ को वजेट सिमा भित्र अटाउन नसकेका तथा आगामी वर्षहरुमा गर्नै पर्ने विकासका कामहरुलाई प्राथमिकताक्रम तोकी नगरपालिकामा सिफारिस गर्ने ।


सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल

पत्र संख्या :- ०७४/०७५
चलानी नं :-


(१०) नगरपालिकाको तत्कालिन क्षमताले नभ्याउने तथा नेपाल सरकार र प्रदेश सरकार संग अनुरोध गर्नुपर्ने योजनाहरु सोहि व्यहोरा खुलाई सिफारिस गर्ने ।

(११) ढल तथा खानेपानी विस्तार गर्न वाँकी रहेको सडकमा कालोपत्रे गर्ने योजना समावेश नगर्ने । त्यस्ता क्षेत्रमा ढल तथा खानेपानी जे आवश्यक हो त्यसलाई प्राथमिकता दिने ।

(१२) आफ्नै कार्यालय भवन नभएका वडा कार्यालयहरुले कार्यालय भवन निर्माणको कार्यक्रम समावेश गर्ने । वडा स्तरिय वजेटवाट वडा कार्यालय निर्माणको लगि वजेट विनियोजन भएमा नपुग रकम नगरस्तरीय कार्यक्रमवाट विनियोजन गर्न प्राथमिकता प्रदान गरिनेछ ।

(१३) एक वडा एक पहिचान हुनेगरी आ-आफ्नो वडाको मुख्य सम्भावनाको क्षेत्र पहिचान गरी सो लाई प्रवर्द्धन गर्ने खालका कार्यक्रम छनोट गर्ने ।

(१४) गरिवी न्युनिकरण, रोजगारी सृजना, आयआर्जनमा वृद्धि, उत्पादनमुलक, छिटो प्रतिफल दिने, आन्तरिक आय वृद्धिगर्न टेवापुऱ्याउने, स्थानीय स्रोत, साधन, श्रम, सिप, प्रविधिको प्रयोग, वातावरण संरक्षण जस्ता विषयलाई प्राथमिकता दिई योजना छनोट गर्ने ।

(१५) नगरपालिकाकाको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषयमा विषय क्षेत्र तथा उपक्षेत्र समेत खुलाई लिखित सुझाव दिने ।

(१६) उल्लेखित विषय तथा सो वाहेक पनि कुनै विषयमा रचनात्मक सुझाव तथा नमुना कार्यक्रम भए उपलव्ध गराउने ।

(प्रकाश अधिकारी)

नगर प्रमुख


सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np